# ईदको चाँद र शौवालको व्रत

[ नेपाली - Nepali - نيبالي ]

लेखकः अतीकुर्रहमान मो.इदरीस खान मक्की

2014 - 1435

IslamHouse.com

# عيد الفطر وصيام شوال

« باللغة النيبالية »

تأليف: عتيق الرحمن محمد إدريس خان مكي

2014 - 1435

IslamHouse.com

بسم الله الرحمن الرحيم

सर्वाधिकार लेखकमा सुरक्षित छ ।

पुस्तक पाइने ठेगाना -:
इस्लामिक गाइडेन्स सेन्टर कपिलवस्तु नगरपालिका
व.नं. ९ महुवा तौलिहवा कपिलवस्तु (नेपाल)
सम्पर्क नं. ००९७७-९८४७०३०७८०
९७२७६४९२३८
इस्लामिक गाइडेन्स सेन्टर रबवा अल् रियाज सउदी अरबीया

# प्रस्तावना

अलहम्दो लिल्लाहे नहमदोहु व नस्तईनोहु व नस्तगफिरहु व नऊजो बिल्लाहे मिन शोरूरे अनफोसेना व मिन सईयाते आमालेना, मैंयहदेहिल्लाहो फलामोजिल्ला लहु व मैंयुजलिल्हो फला हादिया लहु व अश्हदो अल्लाइलाहा इल्लल्लाहो व अश्हदो अन्ना मोहम्मदन् अब्दुहु व रसूलुहु । (अम्मा बअ्द)

समस्त प्रकारका प्रशंसाहरू अल्लाहकै लागि छन् जसले सर्म्पूण ब्रह्माण्डलाई उत्पन्न गऱ्यो, र अल्लाहको शान्ति अवतरित होस् अन्तिम संदेष्टा मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम र उहाँको घरपरिवार र साथीहरू माथि र उनी सबैहरू माथि जुन यस इस्लामको प्रचार प्रसार गरे र मुहम्मदको पद्धतिलाई उत्तम मानी उसै माथि हिंडी आफ्नो जीवन व्यतीत गरे ।

प्रस्तुत पुस्तिकामा ईदको बारेमा जानकारी गराउनको साथ साथै शौवाल महिनामा बस्ने ब्रतको पनि कुरआन र हदीसको प्रकाशमा वर्णन गरिएको छ ।

मलाई आशा छ कि यो सानो पुस्तिका तपाईहरूको लागि लाभप्रद सिद्ध हुनेछ । र अल्लाह यसबाट तपाईहरूलाई फाइदा पुऱ्याई मलाई

आफ्नो दयाको पात्र बनाउन् । अल्लाह सित विन्ती छ कि मेरो यो सानो प्रयासलाई कबूल गरी मलाई र मेरो घरपरिवारका समस्त सदस्यहरूलाई स्वर्ग प्रदान गरुन् (आमीन)

**लेखक**

**अतीकुर्रहमान मोहम्मद इदरीस खान मक्की**

**कपिलवस्तु नगरपालिका वार्ड न.९ महुवा**

**तौलिहवा कपिलवस्तु नेपाल**

**मो.नं. ००९७७–९८४७०३०७८०**

**Mob.00977-9727649238**

बिस्मिल्लाहिर्रहमानिर्रहीम

रमजान महिना पश्चात शौवालको महिना आउँछ, र १ शौवालको दिन ईदुल फित्र ईदको चाँड मनाइन्छ । तर मुसलमानहरूको ईद मनाउने तरिका  अरु धर्मावलम्बीहरू भन्दा भिन्न हुन्छ । अरु धर्मावलम्बीहरू अआफ्ना चाँडपर्वहरू अति हल्ला गुल्ला गरेर मनाउँछन् र कतिपय समाजमा त  मदिरा सेवन गरेर र दुष्कर्म गरेर पनि चाँड मनाइन्छ । तर इस्लामीय चाँडपर्व साधारण र सामान्य तरिकाले मनाइन्छ। र मात्र अल्लाहको गुणगान र त्यसको कृतज्ञता एवं आभार प्रकट गरिदै ईद मनाइन्छ । तसर्थ इस्लाममा कुनै प्रकारको होहल्ला गर्ने उत्पात र दुष्कर्म गर्ने मदिरा सेवन गर्ने .... आदिको अनुमति छैन।

## ईद कसरी मनाउने

* जब शौवालको महिनाको चन्द्र देखियोस् त यो दुआ पढ्नु पर्छः

"अल्लाहुम्मा अहिल्लहू अलैना बिल अमने वल ईमान वस्सलामते वल इस्लाम, रब्बी

वरब्बुकल्लाह, हेलालो रुश्दिन् वखैर" । ( तिर्मिजी )

अर्थ : हे अल्लाह यस चन्द्रलाई हामीहरू माथि ईमान र शान्तिको साथ र सुगम्ता र इस्लामको साथ उदय गर, र हे चन्द्र तिम्रो र मेरो पालनकर्ता अल्लाह नै हो, र हे अल्लाह यस चन्द्रलाई हामीहरूको लागि पथप्रदर्शक र कल्याणकारी बनाई देऊ ।

* ईदको दिन स्नान गर्नु , सुगन्ध लगाउनु, नौलो एवं शुद्ध र राम्रो लुगा लगाउनु सुन्नत हो । हदीसमा वर्णन छ :

أن النبي صلى الله عليه وسلم كان يلبس برد حبرة في كل عيد . ( مسند الشافعي برقم ٤٨٥ )

अर्थ : रसूल सल्लल्लाहो अलैहे वसल्लम प्रत्येक ईदको मौकामा हबिरह नामक बुरदह ( एक प्रकारको लुगा ) लगाउँथे । ( मुस्नदुश्शाफेअी, हदीस नं. ४८५ )

र आर्को हदीसमा यस प्रकार वर्णन छ :

عن حسن البسط قال أمرنا رسول الله صلى الله عليه وسلم في العيدين أن نلبس أجود ما نجد وان نتطيب بأجود ما نجد ( مستدرك حاكم )

अर्थ : हसन भन्नुहुन्छ कि हामीलाई रसूल सल्लल्लाहो अलैहे वसल्लमद्वारा यो आदेश

गरिएको थियो कि हामी प्रत्येक ईदमा राम्रो भन्दा राम्रो लुगा लगाऔं, र सबैभन्दा राम्रो सुगन्ध प्रयोग गरौं । ( मुस्तदरक हाकिम )
र इब्नुल कैयिमको भनाई छ कि : रसूल सल्लल्लाहो अलैहे वसल्लम दुवै ईदहरूमा आफ्नो सबैभन्दा राम्रो लुगा लगाउँथे र त्यो हो एउटा हुल्ला अर्थात एक प्रकारको लुगा जसलाई त्यस समय हुल्ला भनिन्थ्यो । ( रियाजुस्सालेहीन लिन्नववी)

* ईदुल् फित्र अर्थात रमजान पश्चातको ईदमा ईदगाह जानु भन्द अघि नै खजूर वा जे भएपनि जसरी कुनै मिठो चीज कशिमिश, मह ... आदि खाएर मात्र ईदगाह जानु पर्छ । जस्तोकि बुखारीको हदीसमा वर्णन छ :

قال أنس رضي الله عنه كان النبي صلى الله عليه وسلم لا يغدو يوم الفطر حتى يأكل تمرات ويأكلها وترا . ( أحمد ، بخاري )

अर्थ : हजरत अनस रजिअल्लाहो अन्हो वर्णन गर्नुहुन्छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लम ईदुल फित्रको दिन ईदगाह त्यसबेला सम्म जाँदैनथे जब सम्मकि केही खजूरहरू न खाउन्, र उहाँ ताक खजूर खान्थे । ( अहमद, बुखारी )

ताक भनेको अर्थ हो : १,३,५,७,९.......आदि अर्थात जोडा नभएको ।

* ईदगाह जाँदा फिर्ता आउँदा भिन्न बाटोबाट आवत जावत गर्ने सुन्नत हो । अर्थात एक बाटोबाट ईदगाह जाने र आर्को बाटोबाट घर आउने । तर कुनै आर्को बाटो नभएमा एउटै बाटोबाट आउनु जानुमा कुनै आपत्ति लाग्दैन । भिन्न बाटोबाट आवत जमवत गर्नुको बारेमा बुखारीमा एउटा हदीस यसरी वर्णन छ :

عن جابر رضي الله عنه قال كان النبي صلى الله عليه وسلم إذا كان يوم العيد خالف الطريق . ( بخاري )

अर्थ : हजरत जाबिर रजिअल्लाहो अन्हो वर्णन गर्नुहुन्छ कि ईदको दिन रसूल सल्लल्लाहो अलैहे वसल्लम भिन्न बाटोबाट आवत जावत गर्नुहुन्थ्यो । ( बुखारी )

र आर्को हदीसमा यस प्रकार वर्णन छ :

عن أبي هريرة رضي الله عنه قال كان النبي صلى الله عليه وسلم إذا خرج إلى العيد يرجع في غير الطريق الذي خرج فيه . ( أحمد ، مسلم ، ترمزي )

अर्थ : हजरत अबूहुरैरह वर्णन गर्नुहुन्छ कि जब रसूल सल्लल्लाहो अलैहे वसल्लम ईदको दिन इदगाह निस्कन्थे त घर फर्कदा आर्को बाटोबाट फर्कन्थे । ( अहमद, मुस्लिम, तिर्मिजी )

* ईदको नमाज मस्जिद र ईदगाह वा खुल्ला चौरमा पढिन्छ यी तीन मध्ये कुनै ठाउँमा पनि ईदको नमाज पढ्न सकिन्छ । र नमाज पढ्नको लागि जवान (व्यस्क) बुढाहरू बच्चाहरू स्त्रीहरू आदिलाई ईदगाह लैजानु सुन्नत हो, र यसैको आदेश रसूल सल्लल्लाहो अलैहे वसल्लमले दिएका छन् । उद्देश्य यो हो कि सबै दुआमा शम्मिलित होउन् । र यस्तै रजस्वला र सुत्केरीको रगत आउने महिलाहरूलाई पनि ईदगाह सम्म लैजाने आदेश छ उनीहरू नमाजमा त शामेल हुँदैनन् तर दुआमा अवशय शम्मिलित हुन्छन् । जस्तो कि हदीसमा वर्णन छ :

عن عطية قالت أمرنا أن نخرج العواتق و الحيض في العيدين يشهدن الخير ودعوة المسلمين ويعتزل الحيض المصلى . ( بخاري ، مسلم )

अर्थ : हजरत अतीयह रजिअल्लाहो अन्हा वर्णन गर्नुहुन्छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमद्वारा हामीलाई यो आदेश गरिएको

थियो कि दुवै ईदमा कुमारी महिलाहरू र रजस्वलाको रगत आएका आईमाईहरू पनि ईदगाह जाउन्, अनि भलाई र मुसलमानहरूको दुआमा शम्मिलित होउन्, र रजस्वलाबाट अपवित्र महिलाहरू नमाज नपढुन् । ( बुखारी मुस्लिम )

अर्थात : सबैले मिलेर सुख शान्ति र खुशीको साथ ईद मनाउन् र सुन्नतको तरिकालाई कदापि नछाडुन् ।

र ईदको दिन बच्चाहरूलाई रुपैयाँ दिनु, उनीहरूलाई राम्रो पोशाक लगाउनको लागि दिनु, अति राम्रो मानिन्छ । र बच्चाहरूलाई इस्लामीय तरिकाले उनीहरूको खुशीको प्रदर्शन गर्न दिनु जरुरी छ । र इस्लामीय तरिका यो हो कि होहल्ला नगरुन् फजूल खर्ची नगरुन् हिन्दु झैं पटाका नपडकाउन् एकआर्कालाई रङ्ग नफालुन् । बरु शान्तिको साथ अल्लाहको गुणगान गर्दै सबै आफ्नो प्रसन्नता प्रकट गरुन् ।

र यदि बच्चाहरू कुश्ती लडेर आफ्नो प्रन्नता प्रकट गर्न चाहन्छन् भने कुनै आपत्ति छैन अथवा कुनै गुणलाई सुदर्शित गरेर आफ्नो प्रसन्नता प्रकट गर्छन् भने इस्लाम त्यसमा कुनै

बन्देज लगाउदैन । तर यसको साथ साथै अल्लाहको कृतज्ञता प्रकट गर्न नबिर्स्नु होला । अनि ईदगाह गएर इमामको साथ दुई रकअत नमाज कायम गर्नुस् र नमाज पढे पश्चात खुत्बा सुनेर दुआमा अवश्य शामेल हुनुहोला । किनकि यो दुआ कबूल हुनुको अति धेरै समभावना हुन्छ किन भने समस्त मुसलमानहरू यस दुआमा सहभागी हुन्छन् । र ईदगाह जानुभन्दा अघि जकातुल फित्र निकाल्न नबिर्सनुहोला । जकातुल फित्र जसलाई सदकतुल फित्र पनि भनिन्छ परिपारका प्रत्येक सदस्यको तर्फबाट अढाई किलो अनाज निकालिन्छ । अनाज भनेको खाने कुराहरू जसरी गहूँ, जौ, चामल, किशमिश.....आदि । र यसको सट्टामा रुपैयाँ पनि निकाल्न सकिन्छ तर अनाज निकाल्नु अति राम्रो हो । यदि कसैसित दास छ भने त्यसको पनि जकातुल फित्र निकाल्नु पर्दछ ।

यो थियो ईदको बारेमा अति संक्षेपमा केही प्रमुख कुराहरू अब शौवालको बारेमा केही कुरा गरौं !

## शौवाल महिनाको व्रत

जसले रमजान महिनाको पूर्ण व्रत बसेको होस् मात्र अल्लाहको प्रसन्नता प्राप्त गर्नुको निम्ति त्यसलाई चाहियो कि शौवालको व्रत बसोस् । र शौवालको व्रत फर्ज अर्थात अनिवार्य छैन बरु नफिली व्रत हो जसलाई इच्छा होस् त्यो नै यो व्रत बसोस् । र शौवालको व्रत ६ वटा मात्र छन् चाहे एकै चोटि निरंतरताले बसोस् वा एक दुई गरी पूर्ण महिनामा ६ वटा व्रत बसोस् दुवै तरिकाले व्रत बसेमा कुनै आपत्ति छैन । तर जसले रमजानको व्रत कुनै कारण छाडेको छ त्यो पहिला त्यसको गन्तीलाई पूर्ण गरोस् पछि शौवालको व्रत बसोस् ।

तर जसले रमजानको व्रत अकारण नै बसेको छैन भने शौवालको व्रत बस्नुको केही अर्थ नै छैन किनकि रमजानको व्रत अनिवार्य छ र यो हामीमाथि अल्लाहको हक हो यदि मानछेले अल्लाहको हक नै पूर्ण गरेको छैन भने नफिली व्रत बस्नुको कुरै उठदैन ।

तर जसलाई अल्लाहले अवसर प्रदान गर्‍यो र त्यसले स्वच्छ नीयतले रमजानको व्रत बस्यो भने त्यसले शौवालको व्रत बसेको खण्डमा पूर्ण साल व्रत बसे सरह हुनेछ । जस्तोकि हदीसमा वर्णन छ :

عن أبي ايوب الأنصاري رضي الله عنه أن النبي صلى الله عليه وسلم قال : من صام رمضان ثم اتبعه ستا من شوال كأنما صام الدهر . ( مسلم كتاب الصوم برقم ٢٠٤ ، أبو داؤد كتاب الصوم برقم ٢٤٣٣ ، الترمزي كتاب الصوم برقم ٧٥٩ ، وقال حسن صحيح ، ابن ماجة كتاب الصيام برقم ١٧١٦ )

अर्थ : हजरत अबू अय्यूब अल अनसारी रजिअल्लाहो अन्हो वर्णन गर्नुहुन्छ कि रसुल सल्लल्लाहो अलैहे वसल्लमले भन्नुभयो कि जसले रमजानको व्रत बस्यो अनि शौवालको ६ वटा व्रत पनि बस्यो त त्यसले पूर्ण सालको व्रत बसे सरह हुनेछ । ( मुस्लिम हदीस नं. २०४, अबू दाऊद हदीस नं. २४३३, तिर्मिजी हदीस नं. ७५९, इब्ने माजा हदीस नं. १७१६ )

त यस हदीसबाट यो ज्ञान मिल्छ कि शौवालको ६ व्रत बसे पश्चात साल भरी व्रत बस्ने पुण्य मिल्छ । त हामी सबैलाई चाहियो कि हामी शौवालको व्रत बसी अल्लाहको अनुकम्पाको भागीदार बनौं र त्यसको दया र प्रसन्नता प्राप्त गरेर स्वर्गमा अआफ्नो स्थान ग्रहण गरौं । अल्लाहसित प्रार्थना छ कि हामी सबैलाई यसको अवसर प्रदान गरुन् । आमीन

अन्तमा अल्लाह सित प्रार्थना छ कि अल्लाह हामीलाई धर्म इस्लामलाई पूर्णरूपले स्वीकार गर्ने सौभाग्य प्रदान गरुन् । र त्यसका समस्त निर्देशनहरूलाई अपनाई त्यसबाट लाभन्वित हुने सुअवसर प्रदान गरुन् । र हाम्रा माल सम्पत्ति र संतानमा वृद्धि गरुन् । र हाम्रा निःसंतान दाजुभाइ र दिदीबहिनीहरूलाई संतान प्रदान गरी उहाँहरूको मुटुलाई शीतल पारुन् । र जेजति हामीले अज्ञानताले पापहरू गरेका छौं त्यसलाई क्षमा गरी हाम्रा पापहरूलाई पुण्यमा परिणत गरुन्, र हामीलाई कुरआन र हदीसको अनुशरण गर्ने शक्ति प्रदान गरी स्वर्ग प्रदान गरुन् । ( आमीन )

# समाप्त

*लेखक*

**अतीकुर्रहमान मोहम्मद इदरीस खान मक्की**

**कपिलवस्तु नगर पालिका वॉड नं.९**

महुवा तौलिहवा कपिलवस्तु
नेपाल
Mob. No.00977-9847030780-
9727649238
00966-0501372254
Email-
atiqkhannp1982@yahoo.com